# दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १० प्रकाशन मिति : २०७७/०७/२४


भाग २

# दुहवी नगरपालिका

## कोभिड—१९ संक्रमण पहिचान, रोकथाम, नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि,२०७७

# **कोभिड—१९ संक्रमण पहिचान, रोकथाम, नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि,२०७७**

दुहवी नगरकार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०७/२० गते
प्रमाणीकरण मिति : २०७७/०७/२४ गते

**प्रस्तावना :**

विश्वव्यापी महामारी कोभिड—१९ संक्रमण पहिचान, रोकथाम ,नियन्त्रण, निदान, उपचार,प्रेषण एवं व्यवस्थापन सम्बन्धी उच्च स्वास्थ्य जोखिमपुर्ण कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न जनशक्तिलाई जोखिम भत्ता उपलब्ध गराउन बान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को कार्यपालिकीय अधिकार प्रयोग गरी नेपाल सरकारको कोरोना भाइरस (कोभिड—१९) संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ लाई आधार मानी यो कार्यविधि जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**कोभिड—१९ संक्रमण पहिचान, रोकथाम ,नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि,२०७७**" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(क) **कोभिड—१९** भन्नाले SARS-COV-2 भाईरस संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ख) **पहिचान** भन्नाले कोभिड—१९ को संक्रमणको सम्भावित एवं पारम्भिक निदान, निदान तथा प्रयोगशाला परीक्षण लगायत सम्पूर्ण निदान सम्बन्धी स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(ग) **रोकथाम** भन्नाले महामारी विज्ञान विधि अनुसार कोभिड—१९ को संक्रमणको रोकथाम सम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

**(घ) नियन्त्रण** भन्नाले महामारी विज्ञान विधि अनुसार कोभिड—१९ को संक्रमणको नियन्त्रण सम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

**(ङ) उपचार** भन्नाले महामारी विज्ञान तथा चिकित्सा विज्ञाँन विधि अनुसार कोभिड—१९ को संक्रमणको चिकित्सा सम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

(**च**) **प्रेषण** भन्नाले कोभिड—१९ को संक्रमणको संक्रमित व्यक्तिहरूको क्वारेन्टाइन केन्द्र,आइसोलेशन केन्द्र, प्रयोगशाला,अस्पतालसम्म स्वास्थ्य सेवाको विधि अनुसार पुऱ्याउने ल्याउने सम्बन्धी कार्यलाई सम्झनु पर्छ ,

(**छ**) **व्यवस्थापन** भन्नाले कोभिड—१९ को संक्रमणको पहिचान, रोकथाम ,नियन्त्रण, निदान, उपचार,प्रेषण सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्यलाई सम्झनु पर्छ ।

(**ज**) **जनशक्ति** भन्नाले कोभिड—१९ संक्रमण पहिचान, रोकथाम ,नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमको जनशक्ति सम्झनु पर्छ ।

१.चिकित्सक

२.स्वास्थ्य कर्मी

३.नर्स

४.प्रयोगशाला कर्मी

५.सुरक्षाकर्मी

६.एम्बुलेन्स चालक र सहायक

७.इलेक्ट्रीसियन तथा प्लम्बर

८.इमेजिङ सेवा प्रदायक

९.सरसफाईकर्मी

१०.कोभिड संक्रमणको उच्च जोखिमपुर्ण स्वास्थ्य सेवा प्रदान गर्ने जनशक्ति

११.प्रमुख प्रशासकीय अधिकृतले कोभिड—१९ संक्रमण पहिचान, रोकथाम ,नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको भनी प्रमाणित गरेका जनशक्ति ।

(झ) **जोखिम भत्ता** भन्नाले कोभिड—१९ संक्रमण पहिचान, रोकथाम ,नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न जनशक्तिलाई यस कार्यविधि अनुसार प्रदान गरिने भत्ता सम्झनु पर्छ ।

(ञ) **प्रयोगशाला सेवा** भन्नाले कोभिड—१९ संक्रमण निदानका लागि नमुना संकलन तथा प्रयोगशाला जाच सम्बन्धी सेवालाई सम्झनु पर्छ ।

(ट) **नगरपालिका** भन्नाले दुहबी नगरपालिकालाई सम्झनु पर्छ ।

**३. जोखिम भत्ता प्राप्त गर्न सक्ने :** कोभिड—१९ संक्रमण पहिचान, रोकथाम ,नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनमा संलग्न देहाय बमोजिमका काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछन :–

(क) दुहवी नगरपालिकाबाट संचालन गरिएका क्वारेन्टाइन केन्द्रहरूमा खटिएका ।

(ख) कोभिड–१९ संक्रमणको शंकास्पद व्यक्तिको नमुना संकलन,प्याकिङ,ढुवानी र प्रयोगशाला परीक्षणमा संलग्न जनशक्ति।

(ग) कोभिड १९ का लागि केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्तालमा खटिएका जनशक्ति ।

(घ) आइसोलेशन केन्द्रमा खटिएका ।

(ङ) संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका ।

(च) संक्रमणको शंकास्पद व्यक्तिलाई शुरू परीक्षण ( स्क्रिनिंग) र सो कार्यमा सहयोग पुर्याउने तथा फिबर (ज्वरो) ल्किनिकमा खटिएका ।

(छ) दुहवी नगरपालिकाबाट विभिन्न स्थानमा खडा गरिएका हेल्थ डेस्कमा खटिएका ।

(ज) संक्रमणको शंकास्पद व्यक्ति तथा संक्रमणको पुष्टि भएका व्यक्तिको इमेजिङ सेवा प्रदायक जनशक्ति ।

(झ) कोभिड १९ को स्वास्थ्य आपतकालीन संचालन केन्द्रमा कार्य गर्न तोकिएका जनशक्ति ।

(ञ) कोभिड १९ का लागी अनुगमन, मूल्याङ्कन, अभिलेख, प्रतिवेदन, व्यवस्थापनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नका लागि खटिएका जनशक्ति ।

## ४. संलग्न गर्नुपर्ने विवरण तथा कागजात :–

१. जोखिम भत्ता प्राप्त गर्नाका लागि पुष्टयाँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ :

(क) खटिएको स्थानमा काम गरेको विवरण र प्रमाणित हाजिरी ।

(ख) क्वारेन्टाईनको हकमा क्वारेन्टाईनमा बसेका सेवाग्राही व्यक्तिलाई सेवा प्रदान गरेको विषय पुष्टयाँई गर्ने विवरण ।

(ग) फिबर (ज्वरो) क्लिनिकको हकमा फिबर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको महिना अनुसारको प्रतिवेदन ।

(घ) उपचारमा संलग्न जनशक्तिको हकमा शुरू परिक्षण गरेका, आईसोलेसनमा राखेका तथा संक्रमणको पुष्टी भई उपचार गरेको विरामीको विवरण ।

(ङ) ईमेजिङ सेवा प्रदायकको हकमा कोभिड १९ को शंकास्पद तथा संक्रमण पुष्टी भएका विरामीलाई ईमेजिङग सेवा प्रदान गरेको विवरण ।

(च) प्रयोगशाला परिक्षणमा संलग्न जनशक्तिको हकमा नमुना संकलन गरिएका प्रयोगशाला परिक्षण गरिएका व्यक्तिको विवरण ।

(छ) एम्बुलेन्स चालक र सहायक जनशक्तिको कामकाज गरेको विवरण ।

(ज) सरसफाई तथा अन्य काम गर्ने जनशक्तिले कामको बिबरण र काम गर्ने स्थानबाट प्रमाणित हाजिरी ।

**५. रकम उपलब्ध गराउने :**

(क) कोभिड—१९ संक्रमण पहिचान, रोकथाम ,नियन्त्रण, उपचार, प्रेषण तथा व्यवस्थापनमा सलग्न जनशक्तिलाई जोखिम भत्ता वापतको रकम दुहवी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले उपलब्ध गराउने छ ।

(ख) तपसिल अनुसारको जनशक्तिलाई निम्न बमोजिम जोखिम भत्ता उपलब्ध गराईने छः

**तपशिल**

| क्र.स. | जनशक्तिको बिबरण | जोखिम भत्ता |
|---|---|---|
| १. | क्वारेन्टाइन, आइसोलेशन केन्द्र, कोभिड | १०० प्रतिशत |

| | | |
|---|---|---|
| | अस्पतालमा काम गर्ने, प्रयोगशाला सेवा, एमबुलेन्स सेवामा संलग्न जनशक्ति तथा कोभिड १९ को महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्थापकीय कार्यको मुख्य जिम्मेवारीहरूमा रहेका जनशक्ति | |
| २. | कोभिड १९ को संक्रमणको पहिचान, रोगथाम, नियन्त्रण तथा उपचार, प्रेषण र व्यवस्थापन सम्बन्धि कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको भनी प्रमाणित गरेका जनशक्ति । | ७५ प्रतिशत |
| ३. | कोभिड–१९ संक्रमणको उच्च जोखिमपुर्ण अन्य स्वास्थ्य सेवा प्रदान गर्ने जनशक्ति | ५० प्रतिशत |

(ग)उपदफा ५(ख) मा उल्लेख बमोजिमको जोखिम भत्तामा नबढ्ने गरी नगर कार्यपालिकाले हेरफेर गर्न सक्नेछ ।

**६. अनुगमन गर्ने** : जोखिम भत्ता प्राप्त गर्ने जनशक्तिले तोकिए बमोजिमको कार्य गरे नगरेको प्रमुख प्रशासकिय अधिकृतको नेतृत्वमा अनुगमन हुनेछ ।

**७. जोखिम भत्ताको अवधि** : २०७६ चैत्र ११ गते देखि लागु हुने गरी नेपालमा कोभिड १९ नियन्त्रण भई सकेको वा जोखिम नरहेको भनि नेपाल सरकारले निर्णय गरेको मिति सम्म ।

**८. दुहवी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थाप गर्ने** : यस कार्यबिधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा दुहवी नगरपालिका नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

**९. बिबिध** :– यस कार्यविधिमा उल्लेख नभएका बुदाहरू ऐन, नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

आज्ञाले

विनोद कुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

दुहवी नगरपालिका